# सन्धिखर्क नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सन्धिखर्क, अर्घाखाँची
## लुम्बिनी प्रदेश, नेपाल

प.स:२०७८/७९
च.नं ८२९

मितिः२०७८।८।०२

**विषयः प्रस्ताब पेश गर्ने सम्बन्धमा ।**

श्री सम्पूर्ण सामुदायिक विद्यालयहरु,
सन्धिखर्क नगरपालिका, अर्घाखाँची ।

प्रस्तुत विषयमा यस सन्धिखर्क नगरपालिकाको लागि चालु आ व २०७८।७९ मा विद्यालय क्षेत्रविकास कार्यक्रम अन्तर्गत सर्सत अनुदानको रुपमा प्राप्त कार्यक्रमहरु रहेकाले आ व ०७३ देखि ०७७।७८ सम्म शिक्षा विकास तथा समन्वय ईकाइ, लुम्बिनी प्रदेश तथा यस नगरपालिकाबाट उक्त कार्यक्रम प्राप्त नगरेका विद्यालयहरुले तपसिलमा उल्लेख भएका न्युनतम सर्तहरु पुरा गरी विद्यालयमा व्यवस्थापन समितिको निर्णय सहित मिति २०७८।८।२० गतेभित्र तोकिएको ढाँचामा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सवै विद्यालयहरुलाई जानकारीको लागि सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद पछि प्राप्त हुने प्रस्ताव उपर कुनै कारवाही नहुने व्यहोरा यसै सुचना द्वारा सुचित गरिन्छ ।

| सि नं | कार्यक्रमको नाम | रकम प्रति इकाइ | कैफियत |
|---|---|---|---|
| १ | पुस्तकालय स्थापना तथा व्यवस्थापन | ६५०००० । | |
| २ | शिक्षण सिकाइमा आईसीटीको प्रयोग | ६५०००० । | |
| ३ | विज्ञान प्रयोगशाला | ६५०००० । | |
| ४ | गणित विज्ञान अंग्रजी विषयका क्रियाकलापमा आधारित अनुदान | ५०००० । | |
| ५ | शैक्षिक गुणस्तर अभिवृद्धीका लागि कार्यसम्पादनमा आधारित आधारित | ५०००० । | |

मन्जु आचार्य
शिक्षा अधिकृत

# सन्धिखर्क नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल


प.स:२०७८/७९
च.नं ८२९

१ पुस्तकालय स्थापना तथा व्यवस्थापन फर्निसिङ किताब खरिद तथा ई पुस्तकालय समेत

- पुस्तकालय नभएका विगतका आ व हरुमा पुस्तकालय व्यवस्थापन अनुदान प्राप्त नगरेका माध्यमिक विद्यालयहरु तथा आधारभूत तह १ देखि ८ सञ्चालित विद्यालय तथा विद्यार्थी संख्या उच्च रहेका तथा पुस्तकालय व्यवस्थापनका लागि आवश्यक कक्षाकोठा रहेका विद्यालयहरुले निवेदन दिन सक्नेछन् ।
- उक्त अनुदानवाट विद्यालयले पाठ्यपुस्तक पाठ्यक्रम शिक्षक निर्देशिका सन्दर्भ सामग्री तथा लाईव्रेरीका लागि आवश्यक फर्नीचर जस्तै र्याक बसाई व्यवस्थापनका लागि कुर्सी टेबुल लगायतका सामग्रीहरुमा सार्वजनिक खरिद एन अनुसार खर्च गर्ने ।

२ शिक्षण सिकाइमा आईसीटीको प्रयोग कम्युटर इन्दरनेट कनेक्टीभिटी इक्युमेन्ट तथा किट्सका लागि अनुदान

- इन्टरनेट र विद्युतको सहज आपुर्ति भएका विद्यालयहरु
- ICT को माध्यमवाट शिक्षण गर्ने क्षमता र तत्परता
- कम्युटर उपकरण सफटवेर विद्युतीय उपकरण र आवश्यक फर्निचर व्यवस्थापन गर्ने सुनिश्चितता सहितको प्रस्ताव हुनुपर्नेछ ।

३ माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान

- विज्ञान प्रयोगशाला नभएका विगतका आ व हरुमा विज्ञान प्रयोगशाला अनुदान प्राप्त नगरेका तथा प्रयोगशाला व्यवस्थापनका लागि छुट्टै कक्षाकोठा भएका
- नमुना विद्यालय सञ्चालन निर्देशिका २०७४ को अनुसुचीमा उल्लेखित मापदण्डको आधारमा विज्ञान प्रयोगशाला व्यवस्था गर्ने गरि प्रस्ताव तयार गर्नुपर्नेछ ।

मञ्जु आचार्य
शिक्षा अधिकृत

☎०७७-४२०११२, ४२०६६२ E-mail:-sandhikharkamunicipality@gmail.com URL:-http://www.sandhikharkamun.gov.np

सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प.सः२०७८/७९
च.नं ८२१

४ गणित विज्ञान अंग्रजी विषयका क्रियाकलापमा आधारित अनुदान

- विगतमा यस प्रकृतिको अनुदान नपाएका ६ ८ सञ्चालित आधारभूत विद्यालयहरुले मात्र प्रस्ताव पेश गर्न सक्नेछन् ।
- प्राप्त बजेटको परिधि भित्र रहि पाठ्यक्रम विकास केन्द्रवाट विकास एवं स्वीकृत गरीएका सामग्रीहरुको प्रयोग गरी गणित अंग्रेजी र विज्ञान विषय सिकाई सहजीकरण गर्ने प्रतिवद्धता सहितको प्रस्ताव पेश गर्नुपर्ने छ ।

५ शैक्षिक गुणस्तर अभिवृद्धीका लागि कार्यसम्पादनमा आधारित आधारित

- विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ अनुसूचि ३ मा उल्लेखित कार्यसम्पादन सुचकका आधारमा विद्यालयले शैक्षिक गुणस्तर सुधार सहितको कृयाकलाप अनुकुल प्रस्ताव पेस गर्ने ।
- छनोटमा परेका विद्यालयलाई प्रति विद्यालय रु ५० हजार अनुदान उपलव्ध हुनेछ ।विद्यालयले प्राप्त अनुदान वि व्य स को निर्णय अनुसार शैक्षिक गुणस्तर सुदृढीकरणका क्षेत्रमा प्रयोग गर्नु पर्नेछ ।

मन्जु आचार्य
शिक्षा अधिकृत